# कालिमाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कालिमाटी रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.सं. :- प्र./२०७७।७८
च.नं. :-

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०७७।०४।२१)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७।०७८, च.नं PMEP/२३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस कालिमाटी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२।०७७।०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यनतम् योग्यता र अनुभव :-
क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको
ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
२. दरखास्त दिने स्थान :- कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय
३. दरखास्त दिने अन्तिम मिति :- २०७७।०५।०३ गते
४. आवेदनको दस्तुर :- रु. ४००।
५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा
६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरुको प्रतिलिपिहरु

- नागरिकता
- न्यनतम् योग्यताको लब्धाकं प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७) सेवा सुविधा : *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
८) पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (९) बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत